प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, बिराटनगर

पत्र संख्या :-२०८१/०८२ मिति :-२०८१/०४/०१
च.नं. :- 02

विषयः आर्थिक वर्ष २०८१/०८२ को बजेट कार्यान्वयन सम्बन्धमा।

प्रिय सहकारीज्यू,

कोशी प्रदेश विनियोजन ऐन, २०८१ मिति २०८१/०३/१३ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भइ प्रदेश राजपत्रमा प्रकाशन भएको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐन अनुसार आर्थिक वर्ष २०८१/०८२ का लागि तहाँ अन्तर्गत निकायहरुका लागि छुट्याइएको बजेट प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट पूरा हुने विश्वास लिएको छु। विनियोजित रकमको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, प्रभावकारिता, दक्षता र वित्तीय अनुशासन कायम गर्दै बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न कोशी प्रदेश विनियोजन ऐन, २०८१, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनिवार्य रुपमा परिपालना गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (४) बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा मिति २०८१/०३/३१ को निर्णय बमोजिम (माननीय मन्त्रिस्तर) स्वीकृत यो मार्गदर्शन प्रेषित गरेको छु।

तपसिलः

(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

१. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा (२) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

२. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा (७) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको आयोजना/ कार्यक्रमको नाम वा ठेगानामा भएको सामान्य त्रुटी संशोधन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तह वा वडा कार्यालय र सम्बन्धित कार्यालयहरुको दुईपक्षिय सहमतिमा कार्यक्रम, लक्ष्य, उद्देश्य र खर्च शीर्षक नं. फरक नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयले निर्णय गरी अनुरोध गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम संशोधन गरिदिन सक्नेछ ।

सचिव

३. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतका इकाई कार्यालयहरूले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछन्।

४. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा (३) बमोजिम कुनै निकायमा एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०८१ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँटको निर्णय गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टिका लागि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्नेछ। त्यसको जानकारी यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयलाई दिनु हुनेछ।

५. यस मन्त्रालयबाट बजेट कार्यान्वयन सम्वन्धि मार्गदर्शन जारी भए पश्चात, जारी भएको ७ दिनभित्र तहाँ मन्त्रालय/ सचिवालय/ आयोग/ कार्यालयबाट सम्वन्धित कार्यालयमा बजेट कार्यान्वयन मार्गदर्शन पठाइसक्नु पर्नेछ।

६. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ को उपदफा ३ बमोजिम विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट संचालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिक सम्म खर्च नभए वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्नेछ।

७. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका आयोजना/कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन र स्वीकृत नभएका नयाँ कार्यक्रमका लागि थप निकासा माग वा रकमान्तर प्रस्ताव गर्नु हुनेछैन। स्रोतको सुनिश्चितता यकिन गरेर मात्र कार्यक्रम स्वीकृति वा संशोधन प्रस्ताव गर्नुहुनेछ।

८. रकमान्तर, स्रोतान्तर, थप निकासा र कार्यक्रम संशोधन गर्नु परेमा प्रचलित कानून बमोजिम रकमान्तर, स्रोतान्तर, थप निकासा र कार्यक्रम संशोधन लगायतका प्रक्रिया पूरा गरी PLMBIS प्रविष्ट स्वीकृत भएपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु हुनेछ।

९. चालु बजेटमा विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, पोशाक भत्ता, घर भाडा, पानी, बिजुली, सञ्चार महसुलजस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य कार्यका लागि बाँडफाँट गर्नु गराउनु हुनेछ। अनिवार्य दायित्व वापत बाँडफाँट कम गरेको कारणबाट श्रृजित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन।

प्रदेश सचिव

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## कोशी प्रदेश, बिराटनगर

१०. नेपाल सरकारवाट सशर्त, समपूरक र विशेष अनुदान मार्फत हस्तान्तरण भएका आयोजना/ कार्यक्रमको बजेट तहाँ अन्तर्गत समावेश गरिएको हुँदा सम्बन्धित निकायहरु मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। सशर्त, समपूरक र विशेष अनुदानमा राखिएको रकम तोकिएका कार्यको लागि मात्र खर्च गर्नुपर्ने छ। नेपाल सरकारवाट प्राप्त सशर्त अनुदानमा संचालित हुने आयोजना वा कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नुहुनेछ।

११. प्राकृतिक प्रकोप, विपत्ति र विशेष अवस्थामा बाहेक कुनैपनि प्रकारका थप निकासा/रकमान्तर मागलाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्रै रही साधारण प्रशासन तर्फको खर्च व्यवस्थापन गर्न र पूँजीगत तर्फ पनि विनियोजित बजेटको सीमा भित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

१२. आर्थिक वर्ष २०८२/०८३ को बजेटमा समावेश गर्ने नयाँ कार्यक्रम/आयोजनाको लागि "प्रदेश स्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्वन्धि कार्यविधी, २०८०" र "प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधी, २०८०" बमोजिम आयोजना बैंकमा समावेश गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा जानकारी गराउनु पर्नेछ। वहुवर्षीय खरिद सम्झौताबाट सिर्जित दायित्वको लागि मध्यमकालीन खर्च संरचनाले तोकेको सीमा भित्र रही बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा बाँडफाँट गर्नुहुनेछ।

१३. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा १० बमोजिम प्रदेशका कुनै मन्त्रालय/ निकाय वा अन्तर्गतका कार्यालयको संघीय सशर्त, समपुरक र विशेष अनुदान बाहेकका स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन गराउनुपर्ने भएमा कार्यान्वयन गर्ने निकायको कार्यजिम्मेवारी, कामको प्रकृति, विज्ञता तथा कार्यक्षेत्रका आधारमा सुरुमा विनियोजन भएका मन्त्रालय/निकायका लेखा उत्तरदायी अधिकृतले कार्यान्वयन गराउनु पर्ने मन्त्रालय/निकायको सहमति प्राप्त गरी कार्यान्वयन गराउनु पर्ने मन्त्रालय/निकायको लेखा उत्तरदायी अधिकृतलाई २०८२ वैशाख मसान्त भित्र अख्तियारी दिई कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

१४. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा ११ बमोजिम नेपाल सरकारबाट आर्थिक वर्षको बीचमा कुनै आयोजना/कार्यक्रम तोकि वा नतोकि थप निकासा प्राप्त भएमा सम्वन्धित विषयगत मन्त्रालयले बजेट बाँडफाट गर्ने निर्णय गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था मिलाई कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

प्रदेश सचिव

१५. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा १३ बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान खर्च गर्दै आएको भए आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ र सोहि आर्थिक वर्षभित्र खर्च हुन नसकि त्यस्तो खातामा बाँकी रहेको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको समन्वयमा प्रदेश सरकारलाई असार मसान्तभित्र फिर्ता गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**(ख) आयोजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन**

१६. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ७ को उपदफा (१) बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्न सकिनेछ।

१७. बुँदा नं. १६ बमोजिम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश सरकारको निकायको रुपमा कार्यालय कोड दिई प्रचलित प्रदेश कानून बमोजिम रकम निकासा दिइनेछ।

१८. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ७ को उपदफा (३) बमोजिम प्रदेश सरकारको विषयगत मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको चालु खर्च शिर्षकमा विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित मन्त्रालयले निर्णय गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा अनुदानको रूपमा वित्तीय हस्तान्तरण गर्न सकिने छ। यसरी वित्तीय हस्तान्तरण गर्दा २०८१ साल आश्विन मसान्तभित्र गरिसक्नुपर्नेछ।

१९. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ७ को उपदफा (४) बमोजिम स्थानीय तहको आयोजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारका निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विविध खातामा जम्मा हुने गरी निकासा दिन सकिनेछ।

प्रदेश सचिव

२०. बुँदा नं. १६, १७, १८ र १९ बमोजिमको निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।

(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन

२१. बजेट वक्तव्यको बुदाँ नं. १९४ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत गर्नु भएकै होला। "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८" को दफा २१ को उपदफा (५) र "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३४ बमोजिम कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था श्रावण मसान्तभित्र मिलाउनु हुनेछ।

२२. सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार आयोजनाको तयारीका चरणहरु पूरा गरी बजेटमा परेका आयोजना/कार्यक्रमको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना स्वीकृत गर्नुहुनेछ।

२३. बजेट वक्तव्यको बुदाँ नं. १९७ बमोजिम आयोजना/कार्यक्रमहरु समय मै सम्पन्न गर्न जिम्मेवार अधिकारीले खरिद प्रकृया आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्रै अगाडी बढाइसक्नु हुनेछ।

२४. अन्तर-सरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा तहाँ मन्त्रालयबाट हस्तान्तरित सशर्त अनुदानका आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि कठिनाई पर्न गएमा सो निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनुहुनेछ। स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सम्वन्धमा आवश्यक मापदण्ड, मार्गदर्शन, निर्देशिका र कार्यविधि स्वीकृत गरी सम्वन्धित स्थानीय तहमा श्रावण मसान्तभित्र नै उपलब्ध गराउने व्यवस्था मिलाउनुहुनेछ।

२५. बजेटमा परेका सवै विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयन प्रारम्भिक चरणका कार्य पूरा गरी यथाशीघ्र कार्य प्रारम्भ गर्ने तथा कार्यादेश दिने व्यवस्थाको लागि मातहतका निकाय र आयोजना प्रमुखलाई जिम्मेवार बनाउनु हुनेछ।

२६. तोकिएको गुणस्तर, समय, र कार्ययोजना अनुरूप कार्यसम्पादन नगर्ने निर्माण व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारवाही गर्ने व्यवस्था मिलाउनु हुनेछ। निर्धारित समय, लागत र परिमाणमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई परिणाम प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ।

२७. विभिन्न कोषहरुको लागि रकम विनियोजन गरिएको भए कोष सञ्चालन सम्वन्धि कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुनेछ।

२८. PLMBIS का कुनै कार्यक्रममा दोहोरोपना पर्न गएको भए एउटा कार्यक्रम मात्र कार्यान्वयन गर्नु/गराउनुहुनेछ। अर्को कार्यक्रम र विनियोजित बजेट स्वत फ्रिज भएको मान्नुपर्नेछ।

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, बिराटनगर

२९. बजेट वक्तव्यको बुदा नं. १९५ बमोजिम कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड संशोधन/परिमार्जन गर्नुपर्ने भए श्रावण मसान्तभित्र र नयाँ तर्जुमा गर्नुपर्ने भए असोज मसान्तभित्र स्वीकृत गरिसक्नु हुनेछ।

३०. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरू, आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयन गर्दा विगतमा हासिल गरेको उपलब्धिको अभिलेखलाई समेत आधार बनाउनु हुनेछ। यसै गरी आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल/उपलव्धी र अन्तर निकाय समन्वय लगायतका विषयहरूमा सुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नु हुनेछ।

३१. आयोजना कार्यान्वयनमा ल्याउनु अघि प्रचलित कानूनमा तोकिए बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम सयमसीमा भित्र सम्पन्न गर्नु हुनेछ। सडक निर्माणको लागि बोलपत्र आव्हान गर्दा खानेपानी तथा ढल, विजुलीको पोल/तार व्यवस्थापन वा भूमीगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

३२. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा (९) बमोजिम प्रदेश स्रोतबाट सञ्चालन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने छैन । यसरी बचत हुने रकम सम्वन्धित निकायले तालुक मन्त्रालय मार्फत बजेट समर्पण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३३. अनुदान सहायता र मागमा आधारित कार्यक्रममा विनियोजन भएको रकम कार्यविधि, मापदण्ड स्वीकृत गराएर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै उल्लेखित कार्य गर्दा खुलारुपमा सूचना आह्वान गरी प्रस्ताव माग गर्ने व्यवस्था मिलाउनुहुनेछ।

३४. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

३५. पूँजीगत खर्च तर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गरिने छैन।

३६. विषयगत मन्त्रालय/निकायले स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा विनियोजित बजेट रोक्का राखेको स्वघोषणा गरी रकमान्तर प्रस्ताव गर्नुहुनेछ।

३७. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ को उपदफा (२) को खण्ड (घ) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षिय आयोजना/कार्यक्रममा विनियोजन गरिएको रकम अन्य बहुवर्षिय आयोजना/कार्यक्रम बाहेक अन्यत्र रकमान्तर प्रस्ताव गर्नुहुनेछैन।

३८. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ को उपदफा (२) को खण्ड (ङ) बमोजिम एकपटक रकमान्तर घटाई सकिएको आयोजना/कार्यक्रममा पुनः रकमान्तर गरी बजेट थप गर्न प्रस्ताव गर्नुहुनेछैन।

३९. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ को उपदफा (२) को खण्ड (च) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति प्राप्त गरेको बहुवर्षिय आयोजना/कार्यक्रममा विनियोजित रकम २०८२ बैशाख अगाडी रकमान्तर गरी घटाउन नपाइने व्यवस्था मिलाउनु हुनेछ।

४०. कुनै क्रियाकलापमा निकासा वा रकमान्तरबाट थप भएको रकम पुनः अन्य क्रियाकलापमा सार्न वा रकमान्तर गर्न नपाउने व्यवस्था मिलाउनुहुनेछ।

४१. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ को उपदफा (६) बमोजिम तलव, भत्ता जस्ता अनिवार्य दायित्व व्यवस्थापन, बहुवर्षिय आयोजना/कार्यक्रमको दायित्व व्यवस्थापन, विपद् र महामारीको अवस्थामा बाहेक २०८२ जेठ २० गते पश्चात रकमान्तर/श्रोतान्तर नगरिने भएकाले सोही अनुसार आवश्यक व्यवस्था मिलाउनु हुनेछ।

४२. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घर भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी मितव्ययी रुपमा खर्च व्यवस्थापन गर्नु/गराउनुहुनेछ। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नु पर्नेछ। नेपाल सरकार, अर्थ मन्त्रालयबाट निर्धारण भएको तलब स्केल अनुसार भुक्तानी खर्च लेख्नुहुनेछ। स्वीकृत दरबन्दीमा रहेर मात्र सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गर्नु हुनेछ।

४३. संघ सशर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक र प्रगति प्रतिवेदन चौमासिक रुपमा कुनै विद्युतीय प्रणाली भए सोमा, प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

४४. सरकारी कार्यालयहरुले प्रमुख मार्गमा कार्यालय प्रयोजनको घर बहालमा लिन पाइने छैन। घरभाडामा लिंदा न्यूनतम आवश्यकता एवम् सुविधा भएको घर बहालमा लिनुपर्नेछ। सरकारी प्रयोजन भनी कर्मचारीको आवासको लागि घर बहाल लिएको पाइएमा सो रकम सम्वन्धित कर्मचारीले नै

भुक्तानी गर्नुपर्नेछ। कार्यालयमा भएका फर्निचर तथा अन्य सामाग्री मर्मत, सम्भार गरी प्रयोग गर्नुहुनेछ र काम नलाग्ने फर्निचर, मेशिनरी औजारहरु र अन्य सामाग्रीहरु लिलाम विक्री अनिवार्य रुपमा गर्नुहुनेछ। नयाँ स्थापना भएको कार्यालय र अति आवश्यक बाहेक थप फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार खरिद नगर्ने नीति अवलम्बन गर्नुहुनेछ।

४५. प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि सञ्चालन गर्दा विषयसँग सम्बन्धित संघीय निकाय, प्रदेशका मन्त्रालय तथा स्थानीय तहसँगको समन्वयमा दोहरो नपर्ने गरी एकीकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ। कार्यक्रम सञ्चालन गर्दा सकेसम्म सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४६. कार्यालयमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

४७. वैदेशिक भ्रमण गर्दा नेपाल सरकारबाट स्वीकृत वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिकाको अधिनमा रही आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमतिमा सानो, मितव्ययी र छोटो अवधिको भ्रमण व्यवस्था गर्नु हुनेछ।

४८. आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिने प्रावधानको पालना गर्नुहुनेछ। यसरी पूर्व सहमति माग गर्दा प्रदेश सञ्चित कोषको अवस्था, मागको औचित्य र मितव्ययिताको पक्षलाई समेत ध्यान दिनु हुनेछ।

४९. कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ को उपदफा (२) को खण्ड (ग) बमोजिम तलब, भत्ता जस्ता अनिवार्य दायित्व र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षिय आयोजना/कार्यक्रम बाहेक सम्बन्धित आयोजना/कार्यक्रमको सुरु विनियोजन रकमको शत प्रतिशत भन्दा बढी रकमान्तर थप गर्न पाइनेछैन। तर आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम रकमान्तर गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुनेछ।

५०. मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने वित्तीय समानीकरण अनुदान प्राप्त गर्न नसकेमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ को दफा २३ बमोजिम प्रदेश सञ्चित कोषको अवस्था अनुसार स्वीकृत बजेटमा मन्त्रालयले आवश्यक रोक्का वा नियन्त्रण गर्न सक्नेछ। यस सम्बन्धमा मन्त्रालयबाट गरिने परिपत्रको पालना गर्नुहुनेछ।

प्रदेश सचिव

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## कोशी प्रदेश, बिराटनगर

५१. वार्षिक आर्थिक विवरण "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९" को नियम ७४ बमोजिम आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा ईकाइ कार्यालयमा पेश गर्ने व्यबस्था मिलाउनु हुनेछ।

(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था

५२. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनुसूची-१२ को ढाँचामा स्वीकृत गरी सम्बन्धित मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नु हुनेछ।

५३. सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा २५ (३) अनुसार तलब भत्ता, पारिश्रमिक, विजुली टेलिफोन जस्ता अनिवार्य खर्च बाहेक रु.५० हजार भन्दा माथिको खर्च बिल भुक्तानी गर्नु अघि वेवसाइड मार्फत वा सूचना पाटीमा टाँस गरी सार्वजनिक गरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउनुहुनेछ।

५४. सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा ५ अनुसार भ्रमण सम्वन्धि आवश्यक व्यवस्थापन मिलाउनुहुनेछ। साथै अन्तर-प्रदेश भ्रमण वा अन्य भ्रमणमा जानेलाई दोहोरो खर्च नहुने गरी भ्रमणखर्च नियमावली, २०६४ अनुसारको भुक्तानी दिने व्यवस्था मिलाउनुहुनेछ।

५५. भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले यस नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च बापत पाउनेछ भन्ने प्रावधान रहेको हुँदा एकै दिनमा गई फर्किन सकिने स्थानमा भ्रमण वा काजमा खटाउँदा भ्रमण खर्च नियमावलीको प्रावधान अनुसार मात्र दैनिक भत्ता भुक्तानी गर्नुहुनेछ।

५६. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगको प्रतिनिधिलाई समेत आमन्त्रण गरी त्रैमासिक एवम् वार्षिक प्रगति समीक्षा गर्नुहुनेछ।

५७. कार्यक्रम गोष्ठी तालिम लगायतको खर्च गर्दा कर्मचारीलाई पेश्की दिई खर्च गराउनुको सट्टा भुक्तानी दिनुपर्ने सम्बन्धित व्यक्ति, संस्था वा व्यवसायीको बैंक खाता मार्फत भुक्तानी दिने व्यवस्था मिलाउनुहुनेछ। साथै नियमित प्रकृतिका कामलाई कार्यक्रममा राखी खर्च गर्नुहुने छैन।

५८. साधारण प्रकृतिका गोष्ठी/बैठक/छलफल गर्नुपर्दा समय र खर्च मितव्ययी हुनेगरी अनलाईन वा भर्च्युअल माध्यमबाट गर्ने व्यवस्था मिलाउनुहुनेछ।

प्रदेश सचिव

५९. बोलपत्र आह्वान वा अन्य सूचना प्रकाशन गर्दा थोरै विषयमात्र पत्रपत्रिकामा प्रकाशन गर्ने र विस्तृत विवरण वेवसाइड वा अन्य विद्युतीय माध्यमबाट हेर्न सकिने गरी प्रकाशन गर्ने व्यवस्था मिलाउनुहुनेछ।

६०. पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून तथा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा तोकिए अनुसार मात्र सवारी साधन, इन्धन, सञ्चार, अतिथिसत्कार लगायतको सुविधा उपलब्ध गराउनुहुनेछ। तोकिएको मापदण्ड भन्दा बढी र दोहोरो हुने गरी इन्धन तथा अन्य सुविधा दिनुहुने छैन। विविध खर्चलाई मापदण्डमा आधारित बनाएर मात्र खर्च गर्नु गराउनुहुनेछ।

६१. सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा १९ अनुसार मात्र आयोजनाको कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था मिलाउनुहुनेछ।

६२. विद्यमान जनशक्तिबाट सम्पादन हुने कार्यमा एवम् ऐन, कानून निर्देशिका लगायतको कानून तर्जुमा गर्ने कार्य परामर्शदाताबाट गराउनुहुने छैन। सरकारी खर्चमा शुभकामना संदेश वा कार्ड, डायरी, पुस्तिका लगायतको प्रकाशन वा प्रसारण गर्नुहुने छैन।

६३. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५८ को व्यवस्था अनुसार प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुनेछ।

६४. आवश्यकता र औचित्यका आधारमा मात्र अनुगमन तथा भ्रमण खर्च प्रदान गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ। प्रदेशस्तरीय अनगुमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० बमोजिम अनुगमन मूल्याङ्कनका सूचकहरु एवम् प्रतिवेदनको ढाँचा तयार गरी अनुगमनमा पठाउनुहुनेछ। तोकिएको ढाँचा अनुरुपको अनुगमन प्रतिवेदन पेश गरेपछि मात्र अनुगमन भ्रमण खर्चको भुक्तानी गर्ने व्यवस्था मिलाउनुहुनेछ। साथै अनुगमन प्रतिवेदनलाई सम्बन्धित शाखा वा निकायमा कार्यान्वयनको लागि पठाउने एवम् प्रगति समीक्षामा समेत समावेश गरी छलफल गर्ने व्यवस्था मिलाउनुहुनेछ।

६५. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९९ बमोजिम सरकारी सम्पति तथा जिन्सी मालसामानको निरीक्षण सम्वन्धी व्यवस्थाको कार्यान्वयन गरी लिलाम विक्री गर्ने सम्पति तथा जिन्सी मालसामानको लिलाम विक्री गर्ने सम्वन्धि कार्य नियम १०६ बमोजिम कार्यान्वयन गर्नु/गराउनुहुनेछ।

६६. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, निर्माण व्यवसायीको नाम तथा ठेगाना, आयोजना सञ्चालन

गर्ने निकायको जिम्मेवार व्यक्ति र सम्पर्क मोवाइल नम्बर) सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नु पर्नेछ। साथै निर्माण सम्पन्न पूर्वाधारहरुमा **"कोशी प्रदेश सरकारद्वारा निर्मित"** भन्ने स्थायी प्रकृतिको सूचना लेखी सबैले देख्नेगरी राख्न लगाउनु हुनेछ।

६७. सूचनाको हक सम्वन्धी ऐन, २०६४ अनुसार गर्नुपर्ने प्रकाशन, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण नियमित रुपमा गर्ने, गराउने व्यवस्था मिलाउनु हुनेछ।

६८. राजस्व, खर्च तथा सार्वजनिक सम्पत्तिको लेखा/अभिलेख राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको कम्प्युटरराइज्ड प्रणालीबाट राख्ने व्यवस्था मिलाउनु हुनेछ ।

६९. प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, मितव्ययिता सम्वन्धी निर्देशिकाको कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। प्रचलित कानूनमा तोकिएका समिति, कार्यदलको बैठकका लागि मात्र बैठक भत्ता प्रदान गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

७०. भुक्तानी गर्दा प्रचलित कानून वमोजिम स्थायी लेखा नं. (PAN) अनिवार्य गरिने व्यवस्था कार्यान्वयन गर्नुहुनेछ। साथै नियमानुसारको आयकर, कोशी प्रदेश आर्थिक ऐन, २०८१ बमोजिमको विज्ञापन कर र पारिश्रमिक कर अग्रिम रुपमा कट्टि गरी दाखिल गर्ने व्यवस्था मिलाउनु हुनेछ। विल/विजकको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर (VAT) को रकम आन्तरिक राजश्व विभागले तोके अनुसार दाखिला गरेर भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

७१. आयोजना वा कार्यालय प्रमुखको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजना/कार्यालयको प्रगतिसँग आवद्ध गरी वृत्ति विकास, पुरस्कार एवम् सजायको व्यवस्था मिलाउनु हुनेछ। बजेटमा स्वीकृत कार्यक्रम, पूर्वाधार विकास तथा आयोजनाहरुको सञ्चालन तथा कार्यान्वयनको कार्यलाई गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्न, गराउन नियमित अनुगमन गरी आवश्यक निर्देशन दिनुहुनेछ।

७२. प्रदेशस्तरीय अनगुमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० मा भएका व्यवस्था समेतलाई मध्यनजर गरी बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

७३. आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट कार्यान्वयनको स्थिति र प्रस्तुत बजेट कार्यान्वयन मार्गदर्शन अनुरुप कार्य भए नभएको निरन्तर अनुगमन गर्नेछ।

७४. यस मन्त्रालयको सहमति नलिई थप आर्थिक दायित्व सृजना हुने गरी कुनै पनि निकायसँग सम्झौता गर्नु, गराउनु हुनेछैन।

प्रदेश सचिव

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## कोशी प्रदेश, बिराटनगर

७५. यस ऐनवाट विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५९ बमोजिम सम्बन्धित अधिकारीले कारवाही गर्ने व्यवस्था मिलाउनुहुनेछ।

७६. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र अन्य प्रचलित संघीय तथा प्रदेश कानून गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखांकन तथा प्रतिवेदन प्रणाली लागु गर्ने व्यवस्था मिलाउनुहुनेछ।

७७. प्रदेश सरकारले निर्माण गर्ने पूर्वाधार रहने जग्गा व्यक्तिगत वा नीजि स्वामित्वको नहुने व्यवस्था मिलाउनुहुनेछ।

७८. बैदेशिक स्रोत समावेश भएको कुनै पनि रकम फुकुवा पश्चात मात्र निकासा गरिनेछ।

७९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०८०/०७/१३ को निर्णयानुसार जारी गरेको २२ बुँदे निर्णयहरु तथा सुझावहरु, समय समयमा जारी निर्णय तथा सुझावहरु र महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका सुझाव समेतलाई कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनुहुनेछ।

८०. प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/०२/२५ को बैठकको निर्णय बमोजिम ५० लाखभन्दा माथिका लागत भएका आयोजनाहरुको खरिद प्रक्रियामा जानुपूर्व आयोजना बैंक सूचना प्रणालीमा प्रविष्ट गर्ने/गराउने व्यवस्था मिलाउनुहुनेछ।

प्रदेशको आर्थिक कार्य प्रणालीलाई विधिसम्मत, अनुशासित, मितव्ययी र परिणाममुखी बनाउन सदा झैं सहयोगको अपेक्षा गरेको छु। आर्थिक वर्ष २०८१/८२ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website: moeap.koshi.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत अवगत गराउँदछु।

श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय,
श्री खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, बिराटनगर

श्री स्वास्थ्य मन्त्रालय,
श्री प्रदेश योजना आयोग,
कोशी प्रदेश, बिराटनगर।

(श्यामप्रसाद भण्डारी)
प्रदेश सचिव

संलग्नः

क) कोशी प्रदेश विनियोजन ऐन, २०८० - १ प्रति

बोधार्थः

श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, बिराटनगर
श्री प्रदेश योजना आयोग, बिराटनगर
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, सबै महाशाखाहरू।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर